नेपाल सरकार

सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं

**निजामती कर्मचारीलाई विद्यावारिधि अध्ययनका लागि छात्रवृत्ति [illegible] सम्बन्धी सूचना**

(सूचना प्रकाशित मिति : २०७४/०२/२३)

यस मन्त्रालयको आ.व. २०७३/७४ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत निजामती कर्मचारीलाई स्वदेश भित्रका मान्यता प्राप्त विश्वविद्यालय वा शिक्षण संस्थामा विद्यावारिधि अध्ययन गर्नका लागि छात्रवृत्ति उपलब्ध गराईने भएकोले यो सूचना प्रकाशित भएको ३० (तीस) दिनभित्र तोकिएको ढांचामा आवेदनसाथ आवश्यक कागजातहरु यस मन्त्रालयको जनशक्ति विकास शाखामा पेश गर्नुहुन सम्बन्धित सबै इच्छुक निजामती कर्मचारीहरुलाई जानकारीका लागि सूचित गरिन्छ ।

१) छात्रवृत्ति प्रदान गरिने तह : विद्यावारिधि (Ph.D.)

२) छात्रवृत्तिको संख्या : २ (दुई)

३) छात्रवृत्तिको रकम : विद्यावारिधि अध्ययन पूरा गर्न शैक्षिक संस्थामा बुझाएको रकम वा एकमुष्ट रु. दुई लाख पचास हजारमध्ये जुन कम हुन्छ सोही बमोजिमको रकम दफा १९ बमोजिम भुक्तानी गरिनेछ । शोधपत्र तयारीका लागि एकमुष्ट रु. बीस हजार थप गरिनेछ ।

४) वान्छित योग्यता :

क) मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नात्तकोत्तर तह, एमफिल वा सो सरहको परीक्षा उत्तीर्ण भएको,

ख) ४५ वर्ष उमेर ननाघेको,

ग) निजामती सेवाको पदमा स्थायी नियुक्ति पाई कम्तीमा ३ वर्षको सेवा अवधि पूरा गरेको,

घ) स्वदेश भित्रका मान्यता प्राप्त विश्वविद्यालय वा सोबाट सम्बन्धन प्राप्त शिक्षण संस्थामा विद्यावारिधिमा भर्ना हुन पेश गरेको अनुसन्धान प्रस्ताव (Research Proposal) स्वीकृत भएको ।

५) दरखास्तसाथ संलग्न गर्नुपर्ने कागजात तथा विवरणहरु :

१. अनुसूची-१ बमोजिम रितपूर्वक भरिएको आवेदन फाराम

२. स्थायी नियुक्तिको प्रमाणपत्रको प्रतिलिपी

३. कार्यरत कार्यालयको सिफारिस पत्र

४. छात्रवृत्ति प्राप्त गर्नका लागि आपश्यक न्यूनतम शैक्षिक योग्यताको मार्कसिट/ट्रान्सक्रिप्ट तथा प्रमाणपत्रको प्रतिलिपी

४. आफुले अध्ययन गरेको शैक्षिक संस्थाको प्राध्यापकको सिफारिसपत्र

५. अनुसन्धान प्रस्ताव (Research Proposal)

६. विद्यावारिधि कार्यक्रममा भर्ना भएको निस्सा

६) छात्रवृत्ति प्रदान गर्नका लागि छनौट विधि : दरखास्तवालाले स्नातकोत्तर तह वा सो सरहको परीक्षा उत्तीर्ण गर्दा प्राप्त गरेको शैक्षिक योग्यताको प्राप्तांक, भौगोलिक क्षेत्रमा काम गरेको अवधि, सेवा अवधि र सम्वन्धित विश्वविद्यालयमा भर्ना हुने क्रममा निजामती कर्मचारीले पेश गरेको अनुसन्धान प्रस्ताव (Research Proposal) समेतको आधारमा अनुसूची-२ बमोजिम अंकभार प्रदान गरी प्राप्त हुने योग्यताक्रमको आधारमा तयार गर्नु पर्नेछ:

| | |
|---|---|
| (क) स्नात्तकोत्तर तह, एमफिल वा सो सरहको शैक्षिक योग्यताको प्राप्तांक | ३० अंक |
| (ख) भौगोलिक क्षेत्रमा काम गरेको अवधि | ३० अंक |
| (ग) सेवा अवधि | २० अंक |
| (घ) अनुसन्धान प्रस्ताव (Research Proposal) | २० अंक |

६.१) **शैक्षिक योग्यताको प्राप्तांक गणनाको विधिः** अधिकतम ३० अंक

| | |
|---|---|
| विशिष्ट श्रेणी | :३० अंक |
| प्रथम श्रेणी | : २५ अंक |
| द्वितीय श्रेणी | : २० अंक |
| तृतीय श्रेणी/उत्तीर्ण श्रेणी | : १५ अंक |

(यदि प्राप्त गरेको नतिजा ग्रेड प्रणालीमा भए देहाय बमोजिम श्रेणी निर्धारण गर्ने:)

| | |
|---|---|
| A+ | : विशिष्ट श्रेणी |
| A or B+ | : प्रथम श्रेणी |
| B | : द्वितीय श्रेणी |
| C or Others | : तृतीय श्रेणी/उत्तीर्ण श्रेणी |

६.२) **भौगोलिक क्षेत्रमा** काम गरेको अनुभवको आधारमा प्राप्त अंकको गणना विधि : अधिकतम ३० अंक

(१) "क" वर्गमा काम गरेको प्रत्येक वर्षको लागि अंक ४.०० का दरले

(२) "ख" वर्गमा काम गरेको प्रत्येक वर्षको लागि अंक ३.२५ का दरले

(३) "ग" वर्गमा काम गरेको प्रत्येक वर्षको लागि अंक २.५० का दरले

(४) "घ" वर्गमा काम गरेको प्रत्येक वर्षको लागि अंक १.२५ का दरले

**"निजामती कर्मचारीलाई विद्यावारिधि अध्ययनको लागि छात्रवृत्ति उपलब्ध गराउने कार्यविधि, २०७३"** को दफा १३ सँग सम्बन्धित अनुसूची-१ को आवेदन फारामको ढाँचा मन्त्रालयको वेवसाइटः www.moga.gov.np बाट download गर्न सकिनेछ ।

पुनश्चः उपर्युक्त छात्रवृत्तिको अवसरका सम्वन्धमा सबै मन्त्रालय/कार्यालय/आयोग/विभाग/सचिवालयलाई परिपत्र पनि गरिएको जानकारी गराईन्छ ।

नेपाल सरकार
सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं